# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०४।३० गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको।

---

कञ्चनपुर भन्सार कार्यालय, गड्डाचौकीमा कार्यरत नायव सुब्बा रामप्रसाद भट्टराईले भारत बनबासाबाट व्यापारिक प्रयोजनका माल बस्तु क्यारिङ गर्दा भन्सार शुल्कमा सहुलियत प्रदान गर्ने प्रलोभन देखाइ सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कञ्चनपुरबाट खटिइ गएको टोलीले निजलाई रु.१०,०००।- (दश हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा मिति २०७५।०४।२९ गते नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता